# व्यवस्थापन समूह/व्यक्तिको सूची कायम गर्ने सम्बन्धी
# सूचना
## (प्रथम पटक प्रकाशन मितिः २०६८।०५।२३)

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु आफ्नो कारोवारको क्रममा समस्याग्रस्त हुन गई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग को उपदफा (१) को खण्ड (ण) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ५४ बमोजिम यस बैंकबाट व्यवस्थापन नियन्त्रणमा लिएपछि त्यस्तो बैंक वा वित्तीय संस्थाको संकट व्यवस्थापन (Crisis Management) को लागि कुनै उपयुक्त व्यक्ति/समूह मार्फत व्यवस्थापन सन्चालन गर्न देहायका योग्यता तथा अनुभव भएका व्यक्तिहरुको सूची कायम गरिने भएकोले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३५ दिन भित्र आवश्यक कागजातहरु संलग्न गरी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा अनुसूची-१ बमोजिम निवेदन दिनहुन सूचित गरिन्छ । साथै, त्यस्ता संस्थाको व्यवस्थापन संचालन गर्न यस बैंकले कुनै व्यक्ति/समूह नियुक्त गर्नु परेमा देहायका **छनौटका आधारमा** गरिने व्यहोरा समेत सूचित गरिन्छ । (यो सूचना तथा सम्बन्धित अनुसूची यस बैंकको वेभसाइट www.nrb.org.np बाट समेत हेर्न सकिनेछ ।)

**सूचीकरणका लागि योग्यता तथा अनुभवः**

(१) व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन वा वाणिज्य कानून विषयमा कम्तिमा स्नातकोत्तर उपाधी वा चार्टर्ड एकाउण्टेन्सी उपाधी हासिल गरेको,

(२) बैंक तथा वित्तीय क्षेत्रमा प्रथम श्रेणी अधिकृत तह वा सोभन्दा माथिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको, वा

बैंक तथा वित्तीय क्षेत्रमा कार्य गर्ने अन्तर्राष्ट्रिय संघ/संस्थाको वरिष्ठ अधिकृत वा सोभन्दा माथिको पदमा कम्तिमा पाँच वर्षको अनुभव भएको, वा

दश वर्षदेखि लेखापरीक्षकको रुपमा कार्य गरी कुनै "क" वर्गको वाणिज्य बैंक वा राष्ट्रियस्तरको "ख" वर्गको विकास बैंकको, एउटाको वा सबैको गरी, कम्तिमा दश पटक बाह्य लेखापरीक्षकको रुपमा कार्य गरेको अनुभव भएको, र

(३) देहायको अयोग्यता नरहेको:

- (क) ऋण तिर्न नसकी साहूको दामासाहीमा परेको,
- (ख) बैङ्क वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालोसूचीमा परी सो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,
- (ग) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाय पाई त्यस्तो सजाय भुक्तान भएको मितिले पाँच वर्ष नपुगेको,
- (घ) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट सजाय पाएको,
- (ङ) राष्ट्र बैङ्कको निर्देशन पालना नगरेको कारणबाट राष्ट्र बैङ्कले कारबाही गरेको वा राष्ट्र बैङ्कले व्यवस्थापन आफ्नो नियन्त्रणमा लिई निलम्बन वा विघटनमा परेको मितिले पाँच वर्ष नपुगेको ।

**नियुक्तिका लागि छनौट गर्ने आधारहरु:**

(१) समस्याग्रस्त बैंक तथा वित्तीय संस्थाको व्यवस्थापन संचालनको लागि Term of References (TOR) तोकी सूचीमा कायम व्यक्तिहरुबाट ७ दिनभित्र पेश गर्नु पर्ने गरी आवेदन आह्वान गर्नेछ ।

(२) त्यस्तो निवेदन साथ आवेदकले समस्याग्रस्त बैंक पुनस्थापना सम्बन्धी समस्या पहिचान, SWOT & STEER(Socio-cultural, Technological, Economic, Ecological and Regulatory) analysis, र समस्या समाधान सम्बन्धी रणनीतिक कार्ययोजना समेत पेश गर्नु पर्नेछ ।

(३) आवेदन साथ वित्तीय प्रस्ताव समेत पेश गर्नु पर्नेछ ।

(४) राष्ट्र बैंकले प्राप्त आवेदनको मूल्यांकन र आवेदकको प्राथमिकता क्रम निर्धारण गरी व्यवस्थापन संचालनको जिम्मा दिने व्यक्ति/समुह छनौट गर्नेछ ।

(५) जुन व्यक्ति/समुहलाई छनौट गरिएको हो सोही व्यक्ति/समुहबाट मात्र व्यवस्थापन संचालन गर्नु पर्नेछ । अन्य कुनै तेस्रो पक्षलाई व्यवस्थापनको जिम्मेवारी हस्तान्तरण गर्न/गराउन पाइने छैन ।

(६) अन्य शर्त तथा व्यवस्थाहरु यस बैंकले तोके बमोजिम हुनेछ ।

**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**